# उर्लाबारी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ४ सङ्ख्याः ३ मितिः असार ३१, २०७८

## भाग - १

## उर्लाबारी नगरपालिका, मोरङ

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी उर्लाबारी नगरपालिकाबाट सर्वसाधारणको जानकारीका लागि यो राजपत्र प्रकाशन गरिएको छ ।

## <u>उर्लाबारी नगरपालिकाको कर्मचारीको तह तथा स्तरवद्धि सम्बन्धमा व्यवस्था गर्ने ऐन, २०७८</u>

**सभाबाट स्वीकृत मितिः २०७८।०३।३१**

उर्लाबारी नगरपालिका

**प्रस्तावना :-**

नेपालको संविधान, २०७२ र स्थानीय सरकार संचालन ऐन, २०७४ को व्यवस्थालाई समेत मध्यनजर गरी साविक स्थानीय निकायमा स्थायी रुपमा कार्यरत रही उर्लाबारी नगरपालिकामा समायोजीत कर्मचारीको तह तथा स्तरवृद्धि सम्वन्धमा आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले उर्लाबारी नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**(१) संक्षिप्त नाम र प्रारम्भ :-**

(१) यो ऐनको नाम "कर्मचारीको तह तथा स्तरवृद्धि सम्बन्धी ऐन २०७८" रहेको छ ।

(२) यो ऐनको प्रारम्भ स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ ।

**(२) परिभाषा** :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

**(क) "नगरपालिका"** भन्नाले उर्लाबारी नगरपालिकालाई सम्झनु पर्दछ ।

**(ख) "कार्यालय"** भन्नाले नगरपालिका नगरकार्यपालिकाको कार्यलय सम्झनु पर्दछ । सो शव्दले वडा समितिको कार्यालय समेतलाई जनाउंदछ ।

**(ग) "प्रमुख"** भन्नाले उर्लाबारी नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

**(घ) "उपप्रमुख"** भन्नाले उर्लाबारी नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्दछ ।

उर्लाबारी नगरपालिका

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्ननाले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ८४ वमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई संझनु पर्दछ ।

(च) **"स्थायी पद"** भन्नाले नगरपालिकाको नगरसभाद्धारा स्वीकृत दरवन्दीका पदलाई सम्झनु पर्दछ ।

(छ) **"कार्यपालिका"** भन्नाले उर्लाबारी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ज) **"नगर सभा"** भन्नाले उर्लाबारी नगरपालिकाको नगर सभालाई संझनु पर्दछ ।

(झ) **"कर्मचारी"** भन्नाले साबिक स्थानिय निकाय (गा.वि.स.,न.पा.)मा स्थाई नियुक्ति पाई कर्मचारी समायोजन ऐन २०७५ बमोजिम स्थानिय तहमा समायोजन भएका कर्मचारी सम्झनु पर्दछ ।

(ञ) **"तोकिएको"** वा **"तोकिए वमोजिम"** भन्नाले नगरपालिकाको कार्यपालिकाले यस ऐन वमोजिम वनाएको नियमावलि, कार्यविधि, निर्देशिका एवं समय समयमा कार्यपालिकाले निर्णय गरि तोकिएको वा तोकिए बमोजिम संझनु पर्छ ।

(ट) **"तह तथा स्तरबृद्धि"** भन्नाले साबिक स्थानिय निकाय (गा.बि.स., न.पा.) मा स्थायी नियुक्ति पाई कर्मचारी समायोजन ऐन २०७५ बमोजिम स्थानिय तहमा समायोजन भएका कर्मचारी हरुको तह तथा स्तरबृद्धि सम्झनु पर्दछ ।

उर्लाबारी नगरपालिका

# परिच्छेद—२
## तह तथा स्तरबृद्धि सम्वन्धमा

**(३) तह तथा स्तरबृद्धि सम्वन्धी बिशेष व्यवस्था :-** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कर्मचारी समायोजन ऐन, २०७५ अनुसार तह तथा स्तरबृद्धि नपाएका साविक निकाय (गा.वि.स. र न.पा.) मा नियुक्ति पाई स्थायी कर्मचारीको रुपमा कार्यरत रही यो ऐन प्रारम्भ हुँदाको बखत देहाय अनुसारको सेवा अवधि, शैक्षिक योगयता पुरा गरेका र बिभागीय कारबाहिमा नपरेका उर्लाबारी नगरपालिकामा स्थायी रुपमा कार्यरत कर्मचारीहरुलाई यो ऐन जारी भए पछि एक पटकको लागि मात्र देहाय बमोजिम तह तथा स्तर बृद्धि सम्बन्धी विशेष व्यवस्था गरी एक तह माथिको पदमा तह तथा स्तरबृद्धि गरिनेछ ।

**(क)** सहायकस्तर प्रथम तह देखि चर्तुथस्तर सम्मका (कार्यलय सहयोगी) हाल बहाल रहेका स्तरमा ३ वर्ष सेवा अवधी पुरा गरेका कर्मचारीलाई माथिल्लोस्तरमा स्तर बृद्धि गरिनेछ ।

**(ख)** सहायकस्तर चौथो तहमा ४ वर्ष वा सो भन्दा बढी अवधि काम गरेका र शैक्षिक योग्यता एस.एल.सी. वा सो सरहको परीक्षा उर्तिण गरेका कर्मचारीहरुलाई पाँचौं तहमा तहबृद्धि गरिनेछ ।

**(ग)** सहायकस्तर पाँचौं तहमा ४ वर्ष वा सो भन्दा वढी अवधि काम गरेका र प्रविणता प्रमाण पत्र तह वा सो सरहको शैक्षिक योग्यता भएको कर्मचारीलाई अधिकृतस्तर छैटौ तहमा तहबृद्धि गरिनेछ ।

उर्लाबारी नगरपालिका

(४) यो ऐन प्रारम्भ भए पछि यस ऐन बमोजिमको तह तथा स्तरबृद्धिको प्रक्रियालाई दफा ८ वमोजिमको समितिले तहबृद्धि सम्वन्धी कार्य प्रकृया तत्काल अगाढी वढाउने छ ।

(५) सेवा अवधिको गणना गर्दा यस ऐन बमोजिम तह तथा स्तरवृद्धिको लागि आवेदन माग गर्न सूचना प्रकाशित भएको दिनलाई मानिने छ ।

(६) यस ऐन बमोजिम हुने तह तथा स्तरवृद्धिको लागि आवेदन फारम भरी दर्ता गराउनका लागि ३ (तिन) दिनको म्याद दिई नगर कार्यपालिकाको कार्यालयमा सूचना प्रकाशन गरिनेछ ।

(७) उपदफा ६ बमोजिम प्राप्त हुन आएका दरखास्त माथी छानविन गरी ७ दिन भित्र तह तथा स्तरबृद्धि गरी पदस्थापन गर्नु पर्नेछ ।

## परिच्छेद- ३
## तह तथा स्तर बृद्धि सम्बन्धि व्यवस्था

(८) **तह बृद्धिका लागि समिति गठन सम्बन्धी व्यवस्थाः-** (१) यस ऐन बमोजिम कर्मचारीको तहबृद्धि र स्तरबृद्धि गर्न देहाय बमोजिमको एक समिति रहनेछ ।

**क.** प्रमुख प्रशासकिय अधिकृत - संयोजक
**ख.** प्रमुखले तोकेको अधिकृतस्तरको कर्मचारी १ जना - सदस्य
**ग.** प्रशासन शाखाको प्रमुख - सदस्य सचिव

(९) **ज्येष्ठता निर्धारणको आधारः-** तह वा स्तरबृद्धि भएको कर्मचारीहरुको जेष्ठता निर्धारण गर्दा तह वा स्तरबृद्धि भएको तह भन्दा अघिल्लो तहमा

नियुक्ती वा बढुवा पाउदा कायम भएको ज्येष्ठता निर्धारणको आधार मानिने छ ।

(१०) **पदस्थापना सम्बन्धी व्यवस्थाः-** यस ऐन बमोजिम तह तथा स्तरबृद्धि भएका कर्मचारीहरुको मिल्दो सेवा समुहको पदमा प्रमुख प्रशासकीय अधिकृत बाट पदस्थापना गर्नुपर्ने छ ।

(११) **समायोजन पत्र दिनेः-** (१) यस ऐन बमोजिम समायोजन भए पश्चात नगरपालिका सेवाका कर्मचारीहरुलाइ प्रमुख प्रशासकीय अधिकृतले समायोजन भएको पत्र दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम दिइने पत्र अनुसुची – १ बमोजिमको हुनेछ ।

(१२) **पदस्थापना गरिनेः-** यस ऐन बमोजिम समायोजन भएपश्चात नगरपालिकाले स्वीकृत गरेको संगठन संरचना र दरबन्दी पुनरावलोकनले निर्धारण गरे बमोजिम मिल्दो सेवा समुहको पदमा प्रमुख प्रशासकीय अधिकृतबाट पदस्थापना गरिने छ ।

(१३) **पुल दरबन्दी सम्बन्धी व्यवस्थाः-** दफा ३ बमोजिम समायोजन भएका नगर सेवाका कर्मचारीहरुलाइ समायोजन पश्चात पदस्थापना गर्नु अघि स्वतः पुल दरबन्दीमा कायम भएको मानिने छ । यसरी समायोजन भइ पुल दरबन्दीमा कायम भएका कर्मचारीलाइ पदस्थापना गर्नुपुर्व यथास्थानमा कामकाज गर्न बाधा पुगेको मानिने छैन ।

(१४) **आवश्यक व्यवस्था मिलाउनेः-** यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाइ उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकुल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

(१५) हालको पद तथा सेवामा कार्यरत कर्मचारीहरुले सम्मान पद तथा सेवा परिवर्तन गर्न चाहेमा मिल्दो पद तथा सेवा परिवर्तन गरी पदस्थापन गर्न सकिनेछ ।

(१६) **खारेजी र बचाउः** यस भन्दा अगाबै कर्मचारी समायोजन ऐन २०७५ अनुसार समायोजन भएका अन्य सेवाका कर्मचारीहरु यसै ऐन बमोजिम भए गरेका मानिनेछ ।

उर्लाबारी नगरपालिका

अनुसुची १

दफा (११) को उपदफा (२) सँग सम्बन्धीत

समायोजन पत्र

पत्र सख्याः मिति ...............

चलानी न.

श्री ......................................................

कर्मचारी सकेत नंम्बर

बिषयः समायोजन गरिएको सम्बन्धमा ।

उर्लाबारी नगरपालिकको "कर्मचारीको तह तथा स्तरवृद्धि सम्बन्धी ऐन २०७७" मा भएको व्यवस्था बमोजिम तपाईलाई हाल कार्यरत तहमा काम गरेको अवधिलाई समायोजन पश्चातको तहमा जेष्ठता गणाना हुने गरी उर्लावारी नगरपालिकाको तपसिल बमोजिमको पद तथा तहमा समायोजन गरी पदस्थापना गरिएको छ ।

आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रही इमान्दारी पूर्वक सम्पादन गर्नुहुनेछ भन्ने अपेक्षा गरिएको छ ।

समायोजन हुनु भएकोमा बधाई छ।

| कार्यरत पदको विवरण | हाल समायोजन भएको विवरण |
|---|---|
| पदः<br>तहः<br>सेवाः<br>समुहः | पदः<br>तहः<br>सेवाः<br>समुहः |

.................................

प्रमुख प्रशासकीय अधिकृत

उर्लाबारी नगरपालिका

**बोधार्थ**

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिहंदरबार ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश १

श्री राष्ट्रिय किताबखाना (निजामती)

श्री कर्मचारी संचयकोष, बिराटनगर

श्री नागरिक लगानी कोष

आज्ञाले,
मुरारी प्रसाद घिमिरे
नि. प्रमुख प्रशासकीय अधिकृत

उर्लाबारी नगरपालिका

मूल्य रु. १०।